CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

सं० ५६

कवि भानुभक्ताचार्य्य को जीवन चरित्र

कवि मोतिराम भट्टकृत

सम्पादक

श्री इन्द्रबहादुर राई

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

वक्तव्य

मोतीराम भट्टकृत कवि भानुभक्ताचार्य्य को जीवन चरित्र प्रथम सम्भवतः रामकृष्ण वर्माको निरीक्षणमा काशीबाट भारतजीवन यन्त्रालयदेखि ई० १८९१ मा प्रकाशित भएको थियो; पछि श्री सूर्य्यविक्रम ज्ञवालीद्वारा सम्पादित संस्करण ई० १९२७ र १९३८ मा नेपाली साहित्य सम्मेलनले प्रकाशित गऱ्यो । भानुभक्त सम्बन्धका जम्मै अनुसन्धान तथा विवादहरूको आधार र आदिग्रन्थ यसलाई जुन नेपालीमा जीवनी साहित्यको प्रारम्भिक ग्रन्थ पनि हो यस पल्ट मोतीराम गद्यकार तथा उहाँको गद्यलेखनपद्धतिको समेत अध्ययन र महत्त्वबोध गराउने लक्ष्यले उहाँकै लेखाइमा यथावत् प्रकाशित गर्न आवश्यक र उचित देख्यौं । कृतज्ञता मदनपुरस्कार पुस्तकालयप्रति प्रकाश गर्दछु जसका सौजन्यले मूल संस्करणको प्रतिलिपि प्राप्त भयो ।

आधिकारिक संस्करणको निम्ति केही तर्क र केही सम्पादनप्रयास अझ आवश्यक छ ।

१९६४

इन्द्रबहादुर राई

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

कवि भानुभक्ताचार्य्य को जीवन चरित्र

मोतीराम भट्टकृत

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

विज्ञप्तिपत्रम् ।

हे रसिकवर्ग !

कदाचित् "कवि भानुभक्ताचार्य्य" को कविता हेरे र तपाञ्ची हरू को इच्छा जीवन चरित्र पनी हेर्न को भयो होला, तस् अर्थ कवि को जीवन वृत्तान्त हाल मा लेखी छपाया को छ सो हेरी निज कवि का समग्र वृत्तान्त जानी मेरा ऊपर करुणा रही प्रसन्न हुनु भयो भने भला मेरो परिश्रम पनी सुफल होला । यथाशक्य कवि का निर्मित श्लोक बयान समेत राखी यो जीवन चरित्र लेखे को छू । कवि भानुभक्ताचार्य्य का भतीजा रामदत्त कन मो अनेकानेक धन्यवाद दिन्छु जस्ले मलाई निज कवि का अनेक हाल यथार्थ भन्नु भयो जस्का कृपा ले यो पुस्तक को जन्म भयो ।

तपाञ्ची हरू को अनुगृहीत
मोतिराम भट्ट शर्म्मा
काष्ठमण्डप – नेपाल ।

सम्वत् १९४८ विक्रमी
भाद्रपद कृष्ण ८

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

कवि भानुभक्ताचार्य्य को जीवन चरित्र ।

श्री गणेशायनमः ।

हाम्रा गोर्खा राज्य का पर्वतखण्ड मा राज्यधानी काष्ठ-मण्डप देखी पश्चिम तरफ् तनहूं नाम गर्‍या को देश अझ तक प्रख्यात छँदैछ जहाँ का राजा उत्तरखण्ड का रजवाड़ा हरू मा असल् गनिन्थे, जस्का प्रवल प्रताप ले यवन राजा हरू को यस् तर्फ आउना को इच्छा सम्म हुन दियेन जहाँ का राजा स्वतंत्रतापूर्वक निष्कण्टक राज्य भोग गर्दथे । राज्य पनी सानो तिनो थियेन जमीन का उपज वाट मात्र लाखन् को तहसील हुंदयो तस्तै तराई पनी थियो । पहाड़ खण्ड मा ठूला २ पहाड़ को शोभा वयान गर्न सकिदैन । अमृत-रूपी जल को प्रवाह मन् नलेंवो छाड्दैन । रङ्ग विरङ्ग का फूल को शोभा र जात जात का चरा हरू का वोल अनमोल छन् । जहाँ का जङ्गल को विचित्र शोभा स्वर्ग का नन्दनवन का शोभा लाई लज्जावान गरी दिनछ । बखत् बखत् मा जङ्गल का पशु को गर्जन् पनी सुनिनछ, कहाँ सम्म बयान गर्नू अर्थात् तनहूं देश सामान्य छैन ।

अनुमान् सवासय वर्ष हुन लाग्यो, जव श्री ५ गोर्खा सर्कार को प्रताप फैल्यो । यसै बखत् मा गोर्खा सर्कार ले कोट कांगड़ा देखी पूर्व लगायत् शिकिम् (जस्लाई सौखीम पनी भन्द छन्)

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

सम्म का राज्य आफ्ना कबुज् मा गर्दा दैवी इच्छा ले यस् तनहूं राज्य को पनी स्वतंत्रता को मिति सकिये को हुना ले यो राज्य पनी गोर्खा राज्य मा मिल्यो पछि पनी सूर बीर धीरवान अफिसर का असल् वन्दोवस्त ले राज्य स्थिति श्री ५ गोर्खा सर्कार को बहुत बढ़िया हुन गयो श्री ५ गोर्खा सर्कार को यश कीर्ति सारा भारतवर्ष मा प्रख्यात्छ । जहाँ का रणसूर पुरुष जाति को बीरता र खुकुरिको चमक् दमक् सन्सार भर का बीर समाज मा वाहवाही पाउँछन् । गम्भीर राजनीति को चलन् जहाँ सहज् देखिन्छ, न्याय गर्न मा त "निसाफ् न पाये गोर्खा जानू" भन्ने उखानै छ । यसै औसर मा म पनी श्री ५ गोर्खा सरकार को यश कीर्ति लाई धन्य भनी एक श्लोक लेख्त छू—

अचल् झण्डा फर्कोस् फर फर गरी कान्ति पुरि मा ।
रिपूको मन् थर्कोस् थर थर गरी छीन घरि मा ॥
यवन् ले राज् गर्दा कति पतित हिन्दुस्थल भयो ।
फकत् यो नेपाल्को मुलुक बचि कश्चन् रहि गयो ॥

यदि श्री ५ गोर्खा सर्कार को प्रचण्ड भुज दण्ड यस् उत्तराखण्ड को रक्षक न भया को भया आज हाम्रा आर्य आचार्य हरू को धर्म को मर्यादा एक् रहने थियेन । श्री ५ गोर्खा सर्कार का दया दृष्टि ले गौ ब्राह्मण को प्रतिपालन, विजयी क्षत्रिवर्ग को अतुल पराक्रम, र तस्तै अरू वर्ण को काम, राज्य भक्ति, धर्म को चर्चा, नीति को मर्म जान्न्या गुणी हरू को अपूर्व विद्या को प्रभाव, जुन् नेपाल देश मा बराबर देखिन्छ यस्ता नारायणावतार सूर्य वंशी हाम्रा गोर्खा सर्कार को प्रबल प्रताप दिन् २ बढ्दै रहोस् कीर्ति र यश झ्व फैलिँदै रहुन्, तस्तै प्रजा हरू पनी "दिन दोव्वर्रात चौव्वर्गरिकन दुनिआ सुक्ख ले दिन् बिताउन्" भने यस्तो गरी सर्कार को जय मनाई यश का भागी हुन् ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

अब कवि भानुभक्ताचार्य को जीवन चरित्र सुन्नु होस्। कवि को पवित्र जीवन वृत्तान्त साधारण कुरो ह्वैन। अघि भैले बयान् गरे का तनहुं देश का वासी एक् श्रीकृष्ण नाम गर्‍या का आचार्य थर्मया का उपाध्याय ब्राह्मण थिये पहाड़ का जग्गा मा रही विद्यावान् हुना ले भक्त को चित्त धर्मार्थ मा लगाई आफू पनी ब्रह्मकार्य मा तत्पर रही ई श्रीकृष्ण आचार्य जी सुखपूर्वक प्रशस्त खेती पाती चलाई उत्तम अन्न ले जीवनाधार गरी रहे र इन्को सत्गुण प्रकृति हुना ले तनहुं देश भरि मा नामवर भये। संस्कृत विद्या मा पनी असल् हुन् किन भने भानुभक्त लाई इनैले तालीम गरेका हुन्। एक् पल्ट एक् मानिसले भानुभक्त लाई चिन्ह सकिन् तपाञ्ची को भन्दा भानुभक्त जी ले भने मलाई चिन्हेर के गर्छौं भन्दा मा पनी त्यो मानिसले दोहऱ्याई सोद्धा भानुभक्त ले झट कविता गरी यो जवाब् दिये का पनी छन्—

पाहाड़् को अति वेस देश तनहुं मा श्रीकृष्ण ब्राह्मण् थिया।
खुब् उच्चाकुल आर्यवंशि हुनगै सत्कर्म मा मन्दिया॥
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया।
इन्को नाति म भानुभक्त भनि हूं यो जानि चीन्ही लिया॥

यस्ले श्रीकृष्ण आचार्य जी असल् पण्डित रहेछन् भनी जानिन्छ। ई श्रीकृष्ण आचार्य जी का छ पुत्र भये; ज्येठा धनञ्जय, माहिला काशीनाथ, साँहिला पद्मनाभ, काँहिला तुलसी, ठाहिला गङ्गादत्त र कान्ला इन्द्रविलास हुन्। छवटै छोरा श्रीकृष्ण आचार्य जी का बुद्धिमान र पठित थिये। श्रीकृष्ण आचार्य जी का ज्येठा छोरा धनञ्जय आचार्य ले बालख् काल मा विद्या को उपार्जन गरी पछी समर्थवान हुंदा, खर्दारी जागीर पाई सर्कारी काम काज मा लागे क्यै

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

वर्ष पछी ई धनञ्जय आचार्य जी का एक अपूर्व रत्न जस्ता छोरा जन्मे। छोरा भये देखी यस्तै हुन् इन्को नाम भानुभक्त हो। इन्को जन्म वर्ष विक्रमीय सम्वत् १८६६ साल हो। हाम्रा गोर्खा भाषा को उन्नति को उदय पनी यसै वर्ष भयो भनी जान्नू, गोर्खा भाषा मा हुनत घेरै नाम का कवि भानुभक्त भन्दा पैल्हे भये तर कविता को मर्म जानी भाषा पद्य लेख्ने कवि हरू मा आदि कवि भानुभक्त नै हुन्। इन्को जन्मस्थल तनहूं देश का चुंदी वेसी को रम्घा नाम गरे को गाऊँ हो। यस्को खुलस्ता निज कवि ले एक प्रश्नोत्तरा भन्ने ग्रन्थ का अन्त्ये मा लेखे का पनी छन्, जुन् श्लोक लाई स अहाँ जस्ता को तस्तो गरी प्रमाण का खातिर्लेखी दिन्छु—

भानूभक्त भनी प्रसिद्ध नर मा जस्को त नाऊँ पनी।
घर् तिन्को तनहूं त वेसि चुंदि हो गाँऊँ छ रम्घा भनी॥
प्रख्यात् छन् सब लोक मा ति गुणि हुन् विद्वान् कवी खुप् थिया।
यो प्रश्नोत्तर बुझ्न लाइ सजिलो भाषा बनाई दिया॥ ❀

धनञ्जय जी का एकै पुत्र हुनाले बड़ा यत्न साथ पालन पोषण गरी ई छोरा भानुभक्त लाई जब पढ्न सक्ने उमेर का भये श्रीकृष्ण का तालीम मा राखी दिये १८ वर्ष का अवस्था मा लेख् पद् मा हुसिर्भये। विद्या को रस् पाई मग्न भया का भानुभक्त को चित्त को प्रशन्नता को बयान् को गरोस्। विक्रमी सम्वत् १८६१ साल मा भानुभक्त एक् दिन् हावा खान भनी यसै डुल्दा डुल्दा एक् नदी का तीर मा पुगे छन् पहाड् को खोच्

❀ यो श्लोक भानुभक्त ले बनाये को ह्वैन भनी कसै ले पनी शङ्का नगर्नु। यस्मा उत्तम पुरूष को उक्ति नपारी प्रथम पुरूष लाई देखाई बनाउनाको मतलव् कवि भानुभक्त को क्या हो भने यसरि लेखे देखिन् पद्य मा भनाई को छाँट अनौठा देखियेला भन्ने हो।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

तहाँ परे को हुना ले र ई भानुभक्त पनी घाम् मा हिंड़ेर तहाँ शीतल् जग्गा मा पुगे का हुना ले नदी का किनार मा एक् ठूलो डुंगो रहेछ तेस्माथी पल्टे छन् हिंड़दा साह्रै थकाई लागेको हुना ले, मलयाचल को वायू समान हावा मन्द मन्द चलेको हुनाले, मधुर मधुर मनहरा चरा का बोली सुन्नाले बड़ो आनन्द पाई तहीं भानुभक्त का आँखा लागे छन्, अन्दाजी दुइ घड़ि सुते पछी फेरी निद्रा बाट जागा भै बस्ता ती सुते के डुंगा नेर एक् घाँसी बराबर घाँस् काट्न लागे को रहेछ र भानुभक्त ले तेस् घाँसी लाई कहाँ को होस् को होस् भनी सोधे र घाँसीले भन्यो नानी बाजे मेरो घर यहाँ बाट दुइ कोस मा छ म घाँसी हूं भर जन्म यसै घाँस् मा बिते यसरी घाँस् काटी डोका मा हाली गाऊँ तिर लै जान्छू र दुइ आना तीन आना जति मिलछ उति मा यो घाँस् को भारी बेची राति मा घर जान्छू मेरा एक स्वास्नि छ छोरा २ टा छन् तिनि हरू पनी घाँसै काटी भाग्य अन्सार को कमाई आज को आज भोलि को भोलि निर्वाह गरी रहे का छन् यति बर्ष त बिताऐ अब आगे जसो होला। यस्ता पूरा दरिद्री को हाल भानुभक्त जी ले सुनी मन मा बड़ो खेद मानी फेरी तेस् घाँसी लाई सोधे, ए घाँसी दाई उसो भये तिम्रा पास मा क्यै धन् छैन? घाँसीले भन्यो बाबु नानी! धन् पास मा भयेर गर्नु के? खान पिन सम्म को खर्च टार्न सकने जति धन् जुरे देखि पुगे न। त्यति म सधैं कमाइ हाल्छू बरू क्यै २।४ पैसा गरी जम्मा गरे को पनी यौटा कुवा खनाउदा खर्च भै सक्यो। आफै बिचार्गरन नानी घर मा थैलि का रूपिञा कुहायेर सित्ति मा डुंढ़ि पार्नू के काम् तहाँ चें र आपना मतलब् भर्को राखी बाकी धन् इ मैले गरे जस्ता धर्म काम् मा खर्च गरि दिये धर्म को धर्म नाम् को नाम्।

कवि भानुभक्ताचार्य्य को वंश विस्तार



CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

भला यौटा इँदार्खेनाई रहेछ्न् सय पचास वर्ष सम्मन् फलाना घाँसी ले बनाये को इनार हो भन्ने नाम त रहला । भये को धन् जम्मा गऱ्यो प्वाक लागेर आफु मऱ्यो बारिस् को धन् सत्र आफू अल पत्र कुकुर्मऱ्यो कि स्याल मऱ्यो क्यै पत्ता लाग्दैन नानी हद होला सन्तान् रह्यो भने नाती सम्म ले ए हाम्रा बाजे फलाना थिये यस्तो गर्दथे उस्तो गर्दथे भनेर समझला उई पनी वर्ष छ मास् मा एक् पल्ट फेरि दैव गति ले सन्तानै रहेन भने तेति पनि सपना मा घोड़ा चढेझैं हुन जान्छ । हुन त मैले तिमि नानि सित बड़ा शास्तर्का कुराझैं गरें तर म घाँस् काट्ने के जान्द छू। अब त घाँस पनि एक् भारि पुगि सक्यो हो भनी डोका भरी हाली खुर्पी घुसारी जाउँ है त नाती भनी भानुभक्त सित बीदा भै घाँस् को भारी वोकी गाउँ तिर गयो । जब घाँसी आपनो बाटो लाग्यो भानुभक्त टोल्हाये एक्लै सोही ढुंगा मा बसेरै बिचार्गरे धन्य ईश्वर् ! यस् घाँसी लाई यस्तो ज्ञान, पण्डित ले शास्त्र वर्काई फर्काई के गर्न् । घाँस काटी जहान् पाली जे उन्को धनले कुवा खनाउनू सानो कुरो हो ? तेस् घाँसी ले कथा सुनेन होला संग सोह्वत् भने के गऱ्यो होला जस्को जनम् घाँसै काट्ना मा गयो तर पनि धन् भन्दा नाम ठुलो हो भन्ने बुद्धि तेस्ले पायो कहाँ बाट ? यो लीला हरि को हो ! भानुभक्त यती एक्लै मन्मा भन्दै थिये कवि जननी शारदा का मन मा दया तेसै बखत्मा आयो र भानुभक्त लाई कविता गरूँ भन्ने यस्तो लह चली तेसै ढुंगा मा कोरी कन ई आदि इइ श्लोक बनाये ।

भर्जन्म घाँस तिर मन्दिइ धन् कमायो ।
नाम क्यै रहोस् पछि मनेर कुवा खनायो ॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो ।
मो भानुभक्त धनि भैकन आज यस्तो ॥१॥
मेरा इँदार न त सत्तल पाटि क्ये छन् ।
जे धन् र चीज हरू छन् घर भित्रनै छन् ॥
तेस् घाँसि ले कसरि आज दियेछ अर्ती ।
धिक्कार हो ! मकन वस्तु न राखि कीर्ती ॥२॥

ई दुवै श्लोक् लाई कण्ठ गरी भानुभक्त पनी आपना घरतिरफ फिरे। यसै दिन देखि कवि भानुभक्ताचार्य्य का हृदय मा कविता को प्रेम बस्यो इनै दुइ श्लोक् लाई खाँदा, पींदा, उठ, बस् गर्दा बराबर भनी रहँदा कसैले सेल्ली भने कसैले के भयो भनी सोध् पुछ् गरे तर भानुभक्त ले क्यै पनी जवाब् दियेनन् आपनै मन का तरङ्ग मा दङ्ग थिये अब कुन उपाय ले म यस सन्सार मा प्रसिद्ध हुंछू भन्ने यस्तै कुरा मात्र मन मा खेलाई रहँदा रघुवंश कुलतिलक् श्रीरामचन्द्र को कथा भाषा श्लोक् मा बनाये ता संस्कृत न जान्न्या हरू को पनि उद्धार हुन्या थियो, मेरो पनि नाम चलनेछ भनी अध्यात्म रामायण को तर्जुमा भाषा श्लोक् मा गर्न लागे, पैल्हे रामायण बालकाण्ड को मात्र तर्जुमा विक्रमी सम्वत् १८६८ मा गरी सिध्याये तर प्रथम कविता हुना ले बीच बीच मा न मिलन् सके का पद को क्रम् पछि बाट बहुत् असल् युक्ति ले जोड़ी कन राखे। रामायण बालकाण्ड बनाये पछी ८ वर्ष सम्मन् कवि भानुभक्त जी ले फाट् फुट् कविता मात्र गरे जुन्मध्ये एक् श्लोक् अझ सम्म खूप् प्रख्यात् छ । विक्रमीय सम्वत् १९०१ मा कलाधर ब्राह्मण् लाई मंत्र सुनाउन भनी कार्तिक मास मा भानुभक्त लाई २।३ दिन्को बाटो हिँडी निज कलाधर का घर जानु पर्‍यो। रम्घा गाऊँ देखी दुइ कोस् पर रहने एक गजाधर सोती

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

थिये इन्को घर रिस्ती नदी का किनारा नेरै थियो फुर्सत् पाये का बेला मा गजाधर सोती रम्वा गाउँ मा आई भानुभक्त जी सित भेट गरी एक् दिन् त मेरा घर्पालनु होस् भनी सल्लै भन्थे। भानुभक्त पनी अनुकूल न पाई गजाधर का घर जान सकेका थियेनन् र निज कलाधर कहाँ जानु पर्दा बाटा मा गजाधर सोती को घर पर्ना ले तेस् दिन् तहीँ बास बस्न आँटी ती गजाधर का घरमा गै बास् पाउँछू की भनी भने। तेस् दिन् गजाधर सोती काम विशेष ले आफ्नू ज्येठो छोरो ली एक् दुइ् दिन्को बाटो परदेस् गये का रहेछन् र गजाधर्की बुहारी ले भानुभक्त लाई पीढी मा बस्नु होस् भनी भन्दा भानुभक्त कविजी तहीं बसे फेरि गजाधर सोती की ब्राह्मणी आये र ह्याँ नबस भनी पीढी मा बस्न दिइन छन् फेरि बुहारी अलिक् दयावती हुनाले ढीकी राखे को छाप्रो देखाई ह्यैं बस्नु होस् भनी गइन् भला पर्देशमा यो छाप्रो पनी हत्तपत्त कहाँ पाइनछ भनी सन्तोष गरी तेसै ढीकी राखे का छाप्रामा बास् बसे तर साँझ हुने हुने बेला मा फेरि गजाधर्की पत्नी तेस् ढीकी राखे का छाप्रा मा गै हुंदैन ह्यां बस्न भोली बिहानै हाम्रा धान् कुट्ना पर्ने छन् भनी विचारा पर्देसी भानुभक्त लाई तेस् छाप्रा बाट पनी निकालीन्। वर पर तहाँ आर्का को झोपड़ी नदेख्ता निरास् भै एक् रुख् मनी गै रात् भर् तहीँ सित्मा डल्लिये भोली पल्ट बिहानै उठी बाट लाग्ने बेला मा एक् ६।७ वर्ष को लड़िको देखे र को ह्यौ नानी तिमि कस्का छोरा ह्यौ भनी सोद्धा गजाधर को कांछो छोरो हू भनी तेस लड्का ले भन्यो र उसो भये एकै छिन् पख हैत भनी यो श्लोक् बनायेः—

गजाधसोंती की घरबुढ़ि अलच्छिन्कि रहिछन्।
नरक् जाना लाई सब सित विदा बादि भइ छन्॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

पुग्यौं सांझ् मा तिन्का घर पिढि महां बास गरियो।
निकालिन् सांझैमा अलिक पर गुल्जार ❀ गरियो॥

फेरि यो श्लोक लेखे को कागत् लड्का का तना मा बाँधि दिये बाबा लाई घर आये पछी दिये है भनी फेरी यै श्लोक् तेस लड्का लाई कण्ठ गराई भानुभक्त जी आफ्ना बाटा लागे। गजाधर्की छोरा ले बालक्वै हुंदा श्लोक् को अर्थ नजानी यो श्लोक् भनी भनी अरु लड्का हरु सित खेल्दा अरु अरु हरुले पनी यै श्लोक् भने २।४ दिन् पछी गजाधर्सोती घर आई पुग्दा साथ् लड्का हरू ले यो श्लोक् भने को सुनी मन मा बड़ो खेद् गरे आफ्नी पत्नी लाई खुप् हप्काये। यस् श्लोक् ले गर्दा भानुभक्त ले गजाधर्ब्राह्मण को बेइज्जती गरे भनी कसै ले दोष् नलाउन् भानुभक्त ले ब्राह्मण को अखानो गरे को ह्वैन, अतिथि को सत्कार न गर्ने लाई यस्तै दण्ड मिल्दछ भनी दृष्टान्त देखाये को हो तस् अर्थ अतिथि को सत्कार गर्नू सत्कार नगरे देखी पाप् लाग्दछ भनी शास्त्रकार हरु ले पनी भने को छ।

कवि भानुभक्त का सम्वत् विक्रमी १८९८ देखी १९०५ सम्म बनेका फुट्कर कविता को पत्ता छैन। सम्वत् १९०६ विक्रमीय मा जग्गा बाबत् को झगरा भानुभक्त लाई आई पर्दा नेपाल न आई न हुन जाँदा झगरा को कागत् पत्र ली आउँदा नेपाल् आई पुग्नै दिन काठमाण्डौ देखो एक कोस् उत्तर्तरफ् को बाला जी नाम गरे का जग्गा मा आई क्यै बेर थकाई मार्दा कवि भानुभक्त ले ई दुइ श्लोक् अत्यन्त रमणीय जग्गा रहे छ भनी बनाये

❀ 'गुज्रान' भन्ने पनी पाठान्तर सुनिन्छ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

प्रायः भानुभक्त का शृङ्गार का कविता धेरै कमती देखे को होला तर यस्ले भानुभक्त लाई जस्तो करुणा रस् मा लेख्ने ताकत् थियो तस्ले शृङ्गार रस् मा पनी लेख्न सकृतथे शृङ्गार को नमूना हेर्नु होस् —

ब्याहाँ बसेर कविता यदि गर्न पाऊँ
यस् देखि सोख अरु थोक म के चिताऊँ ॥
यस्माथि झन् असल सुन्दरी एक् नचाऊँ ।
खैंचेर इन्द्र कन स्वर्ग यहीं बनाऊँ ॥१॥
यति दिन पछि मैले आज बालाजि देख्याँ ।
पृथिवितल भरी मा स्वर्ग हो जानि लेख्याँ ॥
वरि परि लहरा का झूलि बस्न्या चरा छन् ।
मधुर वचन बोली मन् लिँदा क्यासु रा छन् ॥२॥

अर्थ को चमत्कार र शब्द को अलङ्कार कवि भानुभक्ताचार्य को अपार्छ । एक् त बाला जी को जग्गा दोस्रो कवि भानुभक्त को बयान् मन्नु पर्छ । अन्दाजी एक् घड़ी जती तहाँ बसेर दक्खिन मुहडा गरी काठमाणौ तिर कवि भानुभक्त आये एक् घड़ी पछी पैल्हा कदम् शहर कान्तिपुर*मा कवि को पऱ्यो अनौठा घर, देवल, धारा, पाटी, सत्तल, बजार, इनार, सटक, गल्ली, मालताला, देश् देश् का चीज बीज अनेक भाषा का बोल् चाल, मानिस् हरू को पैह्रन्, बोली, मिजाइस्, फूल को चलन्, सुन्दरी हरूको रूप, रंग, रस, अलङ्कार हेरी बडा प्रसन्न मन भैकन काठमाणौ नगर को बयान् ई तल लेखिया का ५ श्लोक् मा जाहिर हुन्छ —

---

* कान्तिपुर, काष्ठमण्डप, काठमाणौ, काठमांडू, भनी यौटै शहर को नाम जान्नू नेपाल ले चार्भन्ज्याङ भित्र जग्गा जान्नू ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

चपला अबला हरू एक सुरमा ।
गुन केसरि को फुल ली सिरमा ॥
हिँडन्या सखि ली कन ओरि परी ।
अमरावति कान्तिपुरी नगरी ॥१॥
यति छन् भनि गन्नु कहाँ धनिञ्या ।
खुशि छन् मनमा बहुतै दुनिञ्या ॥
जनकी यसरो सुख की सगरी ।
अलकापुरि कान्तिपुरी नगरी ॥२॥
कहिँ भोट र लन्दन चीन सरी ।
कहिँ काल् भरि गल्लिछ दिल्लि सरी ॥
लखनौ पटना मदरास सरी ।
अलकापुरि कान्तिपुरी नगरी ॥३॥ ❀
तरवार कटार खुंडा खुकुरी ।
पिसतोल र बन्दुक सम्म भिरी ॥
अति सूर र वीर भरी नगरी ।
छत कुन्सरि कान्तिपुरी नगरी ॥४॥
रिस राग कपट छल छैन जहाँ ।
तव धर्म कती छ कती छ त्रहाँ ॥
पशु का पति छन् रखवारि गरी ।
शिव की पुरि कान्तिपुरी नगरी ॥५॥

कवि भानुभक्त जी को डेरा लगन् टोल मा धर्मदत्त ज्योतिषी का घर मा भयो पछि सम्म पनी कवि भानुभक्त को सहबास इनै धर्मदत्त सुव्रासित धेरै भयो जो हाल् मखन् टोल

❀ यस् श्लोक ले भानुभक्त लाई भूगोल याद रहेछ भन्ने अनुमान हुन्छ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

मा अझतक् छँदै छन् । धर्मदत्त सुब्बा ज्योतिषी द्वारा इन्को जग्गा को झगरा पनी छिनियो जस्को बयान् यो छ ।

रम्घा मा कवि भानुभक्त को एक् जग्गा थियो तेसै खेत् को साँध एक् गिरिधारी भाट का खेत् सित थियो । ई दुवै खेत का बिच मा एक् खोलो थियो अकस्मात् एक् वर्ष खोला ले भानुभक्त को खेत् खाई दियो गिरिधारी भाट ले बगर आबादी गऱ्यो तिन् ताक का ऐन बमोजिम् गिरिधारी को भोग् पाको हो, पछि ४।५ वर्ष पछी तेसै खोला ले भानुभक्त को जग्गा मा बगर छाड़ी फेरी भाट को खेत् बे हिसाब् मिच्यो र भानुभक्त ले ऐन बमोजिम् खोला ले छाड़े को बगर ३।४ वर्ष आबादी गरी भोग् गर्दा भाट ले मेरो जग्गा मिची भानुभक्त ले भोग् गऱ्यो भनी बादी हाल्दा भानुभक्त ले इजहार दिये का श्लोक —

ख्वामित् यस् गिरिधारि ले अति पिऱ्यो व्यथ गऱ्यो झेल् पनी।
यस्का झेल उतार्न लाइ सजिलो यो हो व्यहोरा भनी ॥
ख्वामित् लाइ चढ़ाउनाकन वहाँ क्यै श्लोक् कविता गऱ्याँ ।
मेरा श्लोक् सुनि बक्सि गोस्त झगड़ा छीनिन्छ पाऊ पऱ्याँ ❀ ॥१॥
साँचा हुन् जति लेख्या सब कुरा आफ्नू व्यहोरा दरी ।
ई कूरा त अइन् सबाल रित ले श्रेस्ता प्रमाण् ले गरी ॥
साबित् ता ठहरेन पो पनि भन्या यस्मा अइन् मा जती ।
तोक्या को छ गुना हगार तिरुंला राख्वैन एक् दाम् रती ॥२॥
यस् भन्दा अरु पत्र पात्र पनि छन् भोग् छन् दसी छन् सही ।
श्रोता शाक्षि कुरा कहानि पनि छन् मेरा सनद् छन् कहीं ॥
गर्न्या छैन उजुर्गऱ्याँ पनि भन्या झुट्टा गराई दिनू ।
इसकोर्मा जहादिन्या खुशि भई यो झेल् कसोरी छिनू ॥

❀ यस् श्लोक पछी अरू श्लोक बिच छुटे का छन् पाइयाका छैनन् ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

यस् इजहार मा भानुभक्त ले अरु श्लोक पनी बनाये का छन् तर क्यै पत्ता छैन पछि पाइये मने छापियेला। यो इजहार दिये पछी झगरा जोरियो तर अदालतिया चाल् ले गर्दा मैन्हन् झगरा छिनियेन भानुभक्त ले अरु झगरिया को झन्नी खर्चु सामद् केही गरेनन् र झगरा पनी टांगिये छ र अदालतिया हरु सित रिसाई केवल् आफ्ना कविता का सहायता ले येक् बिन्तीपत्र दिये हुनत यस् बिन्तीपत्र मा अरु श्लोक् पनी हुंदा हुन् तर आज काल् यौटै श्लोक् मात्र पाइन्छ जुन् श्लोक् यहाँ लेखी दिया को छ।

बिन्ती डिठ्ठा बिचारी सित म कति गरुं चुप् रह्छन् न बोली।
बोल् छन्ता ख्याल् गर्याकै अनि पछि दिन दिन् भन्दछन् भोलि भोली॥
कीता सक्तीन भन्नू कि तब छिनि दिनू क्यान मन्छन् इ भोली।
भोली भोली हुंदैमा सब घर बिति गो बक्सियोस् आज भोली॥१॥

यस्तो बिन्ती पत्र हेरी कवि भानुभक्त को झगरा छिनियो भाट गिरिधारी हान्यो, भानुभक्ताचार्य ले जितापत्र पाये र यसे वर्ष एक् पल्ट घरगै आफ्नो जग्गा को सांध दुरुस्त गरी तुरन्त फागुन् का महीना मा नेपाल आये।

इन् ताक कवि भानुभक्ताचार्य जी स्वस्ति श्री मद्राज-कुमार कुमारात्मज श्री ३ कम्यान्डर-इन्-चीफ् जनरल कृष्ण बहादुर जङ्गराणा को चाकरी गर्दथे र विक्रमीय सम्वत् १९०७ साल का वैशाख मास मा मदेस् (तराई) को जागीर पाई गये तर भानु-भक्त कवि ऐं सम्वत् १९०९ मा खोस्सियेर कागत् पत्र बुझाउन भनी नेपाल् कुमारी चोक् मा आई कागत् पत्र आफुले २ वर्ष काम् गरेको खर्चा आम्दनी समेत को स्याह बुझाउँदा केही बांकी सर्कारिया लागेछर ५ मैन्हा सम्म कुमारी चोक मा थुनिये छन्।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

प्रायः यस् सन्सार मा जहां जति प्रसिद्ध कवि हुनछन् इनि हरु का जीवन कथा मा एक् न एक् कलङ्क न लागी रहँदैन। फेरि ईश्वर का सृष्टी मा जो असल हुंछन् उनि हरु मा पनी एक् न एक् कलङ्क लागी रहेकै हुंछ जस्तो चन्द्रमा को कलङ्क, शाक्षात् ईश्वरांश रूपधारी विष्णु का छाति को भृगुलान्छन्, सदाशिव महादेव को नीलकंठ, ब्रह्मा को पूजा न हुनु, लक्ष्मी को चंचला हुनु।

यस् सन्सार मा स्वतंत्र रहनू जत्ति को आनन्द केही छैन। परतंत्र मा रहनू जत्ति को दुक्ख केही छैन उस्माथी पनी प्रायः कवि हरु ता धन् जन् मान् मर्यादा क्यै पनी न लिई केवल् स्वतंत्रता मा रहन खोज्दछन्। भानुभक्त ले यस्रि ५ मैन्हा सम्म थुनिदा निज कवि जी का मन मा कस्तो भयो होला, यस्को दुरुस्त बयान् कलम् ले लेख्न सकिदैन। कदाचित् एक् २ घड़ी युग् जस्ता भये हुनन् भर्दिन् कोठा का दलिन् गनी काटनु पऱ्यो होला कसै सित बोल् चाल् होला कि भन्ने आसा सपना मा पनी भये न होला कैल्है बोल् चाल् होस् तपनी केवल् बही पत्र बुझाउँदा भयो होला तेस् बखत् को बोल् चाल् के बोल् चाल् बही पत्र स्याह् कागत् बुझ्ने हरु को जो मिजाज् हुंछ म के लेखूं। यसरी एक्लै बस्ता बस्ता बडा दिक्दारी मा परी श्री ३ कम्यान्डर ईन् चीफ् जनरल कृष्ण बाहादुर का हजूर मा कवि भानुभक्ताचार्य्यले लेखी चढ़ाई पठाया को श्लोक् यो हो।

रोज् रोज् दर्शन पाउँ छू चरण को ताप् छैन मन्मा कछू।
रात् भर्नाच पनि हेर्छु खर्च न गरी ठूला चयन् मा मछू॥
लाङ् खुट्या उपिन्या उडुस इ संगि छन् इन्कै लहर्मा बसी।
लाङ् खुट्या हरू गांउं छन् इ उपिन्या नाच्छन् महेर्छु बसी॥१॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

यस्तो बिन्ती गरी पठाउँदा पनी कवि भानुभक्ताचार्य को आपत् छुटेन। मन मा बड़ा दिक़्दार भई ४ मैन्हा सम्म मा अयोध्याकांड, आरण्यकाण्ड, किष्किन्ध्याकांड, र सुन्दरकांड को भाषा श्लोक् तयार्गरे यति बनाई सके पछी भानुभक्त लाइ यसै साल् मा आफ्ना छोरा रमानाथ् को व्रतबन्ध गर्नु पऱ्यो र फेरि आफ्नो दुक्ख दरद जनाई एक् बिन्तीपत्र लेखी श्री ३ कम्यान्डर इन् चीफ् का हजूर मा दिये जस्को नकल् यो छ—

जागिर्छैन धनी म छैन घरको केवल् कुदालो खनी।
खान्थ्यां दुक्ख गरे र चाकरि गऱ्यां मान् पाउंला की भनी॥
एक् मन् चित्त लगाइ चाकरि गरयाँ खूसी भया छन् हरी।
मान् माथी पनि मुक्तमान् थपि दिया कैलह्यै न खोस्न्या गरी॥१॥
चालिस् बर्ष भऱ्या म पुत्र पनि एक् मात्रै छ आठ् बर्ष को।
आयो काल् व्रतबन्धको नजिक मा बेला त हो हर्ष को॥
क्यारू आज परयां मता बिपतमा एक्लो यहाँ छू फगत्।
कुर् पाठ् ले व्रतबन्ध पार्गरु म फेर्मानछू अंध्यारो जगत्॥२॥
गायत्री दिनु बाबु को छ अधिकार्भिन्ना दिनू माइ को।
बालख् मा पनि वेद् पढ़ी कन सुसार्गनूं गुरू गाइ को॥
यस्तो मुख्य बखत् छ यो अरु छ कुन् काम् पार लाई दिन्या।
धेरै बिन्ति कती गरूँ चरणमा एकै कुरा ले छिन्या॥३॥
स्वामित् आज हजुर्हरू पृथिबिमा मालिक् छंदा मा पनि।
ब्राह्मण् को व्रतबन्धन अड़कन तयार्देख्या र मालिक भनी॥
जाहीरात गरयां प्रभू हजुरमा जो मर्जि होला भनी।
कंढै सित् भनि मर्जि हुंछ त भन्या क्यारु सहनछू पनी॥४॥ ❀

❀ यस् पाउ को ध्वनि बिचार्गर्नु पऱ्यो भने 'ध्वन्यालोक' भन्ने संस्कृत को ग्रंथ हेर्नु होस् खुलस्त हुंछ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

यस् विन्तीपत्र मा अरु श्लोक् पनि छन् भन्ने जनश्रुति छ तर पछी पाइयो भने छापी प्रकाश गरियेला । जब यो व्रतबंध को कुरो राखी कवि भानुभक्ताचार्य ले विन्तीपत्र चढ़ाये सर्कार ले खुसी भै निज कवि भानुभक्त लाई कुमारी चोक् बाट फारग् पत्र दिंदा मा तुरन्त सम्वत् १९०९ विक्रमीय का फागुन मैन्हा मा घर गै आफ्ना पुत्र रमानाथ को व्रतबन्ध गरे ।

फेरि विक्रमीय सम्वत् १९१० मा नेपाल आये र बाकी रहे को युद्धकाण्ड र उत्तरकाण्ड को पनी तर्जुमा भयो र यो रामायण ग्रन्थ पूरा भयो ।

इनै ताक भक्तमाला र प्रश्नोत्तरा पनी बनाये । भक्तमाला अनुवादित ह्वैन किन्तु स्वकल्पित अर्थात् आफै ले अजमाई बनाये को हो । भक्ति रस् जस्का फी पद् बाट तप् तप् गरी चुहुन् छ । सन्सार का प्रपंच मा फसे का पुरुष हरू को कस्तो चित्त वृत्ति हुंन जांदो रहे छ यस्को साफ ऐना मा मुख हेरें झैं देखिन्छ । प्रश्नोत्तरा पनी उस्तै ग्रथ छ तर यो संस्कृत बाट कबि भानुभक्ताचार्य ले तर्जुमा गरेको हो यो ग्रन्थ पनी अनौठै हो † प्रत्येक् श्लोक् को सवाल् जवाब् लेख्ता पद राख्ना को चमत्कार कबि ले बहुतै असल् तरह् सित देखाये का छन् । यति ग्रंथ तयार्गरी सके पछी कवि भानुभक्ताचार्य का चिट्ठी पत्री का कविता बाहेक् अरु बिशेष ग्रन्थ केही देखिँदैन ।

विक्रमीय सम्बत् १९१९ मा कवि भानुभक्तजी नेपाल बाट घर तरफ् जान लाग्दा बाटा मा एक् दिन् इन्का मित्र तारापती

† यो प्रश्नोत्तरा भाषा कवि भानुभक्त ले सुब्बा षडानन्दजी का निमित्त बनाये का हुन् भन्ने सुनिन्छ जो अझतक् छंदैछन् ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

उपाध्याय ब्राह्मण सित भेट् भयो र आज मेरा घरमा वास वस्नु होस् भनी भन्दा वास बस्ने वखत् भयेको थियेन ता पनी मित्र को आग्रह देखी निज तारापती का घर मा बसे । घड़ि दसेक् रात् चढ़े देखि तारापती उपाध्या की ब्राह्मणी र बुहारी ले ठाक ठुक् गर्न थाले भर्तात् झगरा भया को सुनो बड़ा रिसले तेसै रात् भरी मा बधूशिक्षा भन्ने ग्रंथ तयागेरे । भोलि पल्ट भात् खाई बाटा लाग्ने बेलामा निज तारापती सित बिदाबादी भै कवि भानुभक्ताचार्य जान लाग्दा यो बधूशिक्षा नाम गरे ग्रन्थ † दिये पछि बाट तारापती लाई उपदेश का ३ श्लोक् को एक् पूर्जी दीकन बाटा लागे जस्को खुलस्ता लेखे को छ ···

एक् थोक् भन्छु न मान्नु दुक्ख मनमा हे मित्र तारापती ।
तिम्रा ई जति छन् जहान हरु ता लड़न्या रह्या छन् अती ॥
सून्यां दन्त बझान आज घर को कर्कर्गन्या को उसै ।
भर्तात् जाग्रन भैं भयो मकनता लागेन आंखा कसै ॥१॥
धन् इज्जत् र कमाइ देख् छु बढ़िया छैनन् कुनै चीज कमी ।
बूहारो यदि कर्कशा हुन गया क्या घर्गरौला तिमी ॥
साह्रै झोक उठ्यो मलाइ र बधूशिक्षा बनाव्या पनी ।
यसले पत्नि बुहारि छोरि हरु को तालिम् गरौला भनी ॥२॥
हुनत म अतिथी हूं यस् विनू क्या छ खांचो ।
तर पनि त म भन्छू मित्र ह्यौ जानि सांचो ॥
घर चतुरइँ गर्छन् बुद्धिमान् ले अगाड़ी ।
बखत चुकि दिंदा मा हुंछ काहां पछाड़ी ॥३॥

कवि भानुभक्ताचार्य का यस्ता परोपकारी कविता को वयान् कहाँ तक् लेखूं ।

† यो ग्रन्थ पनी छापिनेछ ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

सम्वत् १९२० विक्रमीय मा भानुभक्त जी फेरि | नेपाल् तरफ् आये । एक् दिन् एस् काठ्माणौं का एक रहीस कहां भेट गर्न भनी कवि भानुभक्त जी गये र बैठक् मा एक् असल बंदूक राखेको देखे छन् । कवि जी लाई पनी यस्तै बन्दूक को खाइश पैलहे देखी हुंदा बड़ा हुशियारी साथ् कवि जी ले सोधे "विद्वान् जन् ले लोह् लाइ बेचनु छैन, भन्दा सुन्थें यो कुरो हो कि ह्वैन ?" यस्तो प्रश्न सुनी निज घर का मालिक् ले ठिक् हो फलाम् बेचनु छैन भन्दा भानुभक्त कवि जी ले फेरी भने "लोहा बेची मोल क्या लीनु होला ? योग्यै जानी यो उसै दिनु होला ।" भनी भन्दा कवि जी ले बन्दुक पाये । यहां बिशेष चमत्कार के छ भने कवि भानुभक्ताचार्यले भनेका कुरा श्लोक् भयो अर्थात् —

विद्वान् जन् ले लोह् लाइ बेचनु छैन ।
भन्दा सुन्थ्यां यो कुरो होकि ह्वैन ।।
लोहा बेची मोल क्या लीनु होला ।
योग्यै जानी यो उसै दीनु होला ॥१॥

यस् श्लोक् को भनाई र गद्य को पदक्रम एकै छ अर्थात् यस श्लोक् को अन्वय गर्नु पर्दैन ।

विक्रमीय सम्बत् १९२५ मा भानुभक्त लाई बिशेष काम आई पर्दा घर जानू पऱ्यो । यसै सालमा घर पुग्ता साथ ज्वर आये छ यस् ज्वर ले कवि भानुभक्ताचार्य लाई साह्रै दुक्ख दियो रुचि घट्यो ताकत् पनी दिन प्रति दिन् घट्दै गयो चेहरा ले रंग बदल्यो । रोग् ले गर्दा पैल्हे जुन् चीज को इच्छा हुंथ्यो अब त्यो हेर्न पनी मयेन । तेज् पनी एक् एक् कला प्रति दिन घटी हीन हुन लाग्यो ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

कवि भानुभक्ताचार्य का नेपाली सहवासी श्रीयुत धर्मदत्त सुब्बा ले यो २५ साल्मा कवि जी घर्तरफ् जान लाग्दा रामायण उत्तरकांड को रामगीता को भाषानुवाद गर्नू भनी भने का थिये। यस ज्वर ल्याई कवि भानुभक्त ले काल ज्वरै हो भन्ने ठहऱ्याई आफ्ना पुत्र रमानाथ कन लेख् भनी आफुले बिछौना मा सुती रामगीता को भाषा बनाये निज कवि का पुत्र रमानाथ आचार्य ले लेखे ❀ रामगीता भाषा समाप्त भै सके का भोली पल्ट ज्वरो को वेग बढ्द गयो। अब मेरो सन्सार सितको सम्बन्ध आजं का दिन सम्म मात्र रहेछ भन्ने जानी आफ्ना रमानाथ लाई ज्ञानोपदेश र अर्थ नीति को उपदेश दिये।

यस् सन्सार मा जन्म लिये पछि कसै ले पनी भयंकर कालदण्ड को मार न खाई न हुने हुना ले, सन्सार का प्रपंच मा फसी कस्तै यो मेरो यो आर्का को भन्दै रहोस् त पनी काल पाश को पांसो पर्दा सबै जन धन आर्के को हो मेरो ह्वैन भनी काल पाश को जे चाल् हुंछ सो ही चाल् मा चल्नु पर्ने हुनाले, आफ्नो संसारी बल कस्तै बलियो होस् त पनी काल बल का अगाड़ी केही न चल्ने हुनाले, आफ्ना एक् एक् परिश्रम र उद्योग का सहायताले जोर्जार जम्मा गरेका चीज को सुख भोग न छाड़ी सुक्खै न पाइनाले, आफ्ना कुटुम्ब, घर इज्जत्, इष्ट मित्र हरु को ममता गरी कन पनी बिकराल काल का मुख देखी न

❀ यो पुस्तक् अझ तक् सुब्बा धर्मदत्त का पास छंदै छ। अझ् तक् ३००० पुस्तक् भाषा रामायण का छापिये का थिये तर कसैमा पनी रामगीता भाषा नछापिये को हुनाले यस् नवीन मोटा अक्षर का रामायणमा छापिया को छ। मूल्य ३) राम कृष्ण वर्म्मा

भारत जीवन प्रेस काशी।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

निस्कि सकिनू हुनाले, मेरा मन को अभिलाषा यति पुगेको छैन म यति समाप्त गर्छू भनी प्रचण्ड कालराज देखी मियाद न पाइना ले, यस् भन्दा बलियो ईश्वर का इच्छा ले अह्राइया को काल का बिकराल जाल मा न परी न हुन जांदा; आफ्ना परिवार पुत्र, कलत्र, मित्रवर्ग सित को प्रेम त्याग गरी, यस् असार सन्सार सागर्लाई तुच्छ्य मानी, तेस् अन्त्यावस्था मा केवल राम नाम को मुख्य आधार मानी, आफ्ना अपूर्व कविता शक्ति ले राम गुण गान गरी, कहां सम्म भनू निराधार कविता सित यति दिन सहवास गरी, आफ्ना चित्त मन्दिरमा प्रेम ले आधार दी आफ्ना बखत् बखत् का स्मरण ले आश्वासन् दी मानो कविता रूप लतिका को सम्भार प्रेमरूपी स्वच्छ जलले औसर्मा गरी, फेरि छंद, रस, शब्द र अर्थ का अलङ्कार ले युक्त भयेका प्रबन्ध रूप कुसुम अर्थात् फूल को बिख्याती भक्ति रस का भ्रमर समूह का नजीक सम्म पुऱ्याई छंद ले कवितानुरागी पुरुष का अत्यन्त मन्परे को, रसात्मक अर्थात् अंग २ रस ले पूर्ण भया की, अलङ्कार ले शोभायमान भया की ध्वनि ले गम्भीर स्वभाव भया की, अर्थ ले साहित्त्य जान्न्या र काव्य को मर्म जान्न्या रसिक जनको चित्त आनन्दित गर्ने भया की, अन्वय रूप गुप्त मन्दिर मा वस्ने भया की, कव्य का अरु कला ले ललित भया की, यस्ती कविता रूपी बनिता सित आफ्ना बुद्धि, पूर्व जन्म जनित काव्य रचना शक्ति ले लगाइया का चित्त वृत्ति, चातुर्यता, साथ प्रेम को नेम यति दिन सम्म राखी अब उपरान्त त्यो हृदय को कोमलता त्याग गरी, प्रेम बन्धन तोडी, अबला कविता कन पनी सर्वथा निराधार गरी, पाषाण बराबर मन गरी, हज्जारन् वर्ष सम्मन् गोर्खा समाजमा बराबर चर्चा हुना का लायक भया की कविता कन निर्माण गरी, मानो कविता रूपी

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

अक्षयी लतिका सित को अवलम्बन आफ्ना चित्त रूपी कल्प वृक्ष छुड़ाई अरु सामान्य क्षणभङ्गी, असमर्थ, कवि समूह रूप भविष्य वृक्ष को लोभ देखाई, असहाय गरी, अपूर्व कविता रूप यश र कीर्ति दुवै राखी, मानो सन्सार भर्का सब् पहाड़ मा अल्गो भया को हिमालय गिरि निवासी रसिक कविताभिलाषी बुद्धिमान यथार्थ वक्ता, पुरुष हरु का हृदय मा निज निर्मित कविता ले आफ्नू चित्त वृत्ति को चित्र, स्वभाव को, बुद्धिको, विवेक शक्ति र कविता शक्ति को अनेक आल्हाद जनक् प्रबंध रूप लिपी लेखी, प्रसिद्ध स्मारक चिन्ह पछी सम्म पनी मानिस हरु लाई मालूम होस् भन्ना खातिर स्थापना गरी; जन्म भरि परोपकार गरी, सद्उपदेश पनी आफ्ना मित्र वर्ग हरु लाई गरी; रामायण, प्रश्नोत्तरा, भक्तमाला, बधूशिक्षा आदि ग्रंथ ले गोर्खा भाषा को उन्नति र पछि हुने कवि हरु का कविता गर्न मा अपार भण्डार जस्तो कविता-सृत सरोवर निर्माण गरी, भविष्य कविता प्रेमी हरु को अभिलाषा पूर्ण गर्न भनी चिरस्थायी कमल पुष्प को समूह को श्रेणी राखी, आफ् पनी अपूर्व यश का भागी भै, यस सन्सार का क्षणिक अंधकार पट्टि सधैं पीठ दी, केवल परमात्मा सच्चिदानन्द सर्व गुण सम्पन्न अन्तर्यामी अखिल ब्रह्माण्डकर्ता सर्वशक्तिमान जगदीश्वर परमेश्वर का चरण कमल रज मा आफ्नू तन मन लगाई, शक्तिमान, भुक्ति मुक्ति दाता बिधाता अपरम्पार कीर्ति मूर्ति चैतन्य चन्द्र तिर दृष्टि गोचर दी, आफ्नू अन्त्य विधान गरि सकी कदाचित् देव लोक को पनी वर्णन् आफ्ना कविता ले गर्न भनी, कवि चक्र चूड़ामणि भानुभक्ताचार्य जी को प्राण हंस को यात्रा सबै का अगाड़ी सबैले देख्ता देख्तै भयो ।

—x—

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

कवि भानुभक्ताचार्य को कविताशक्ति स्वभाव इत्यादि वर्णन् ।

कवि दुइ प्रकार का हुंछन् । पैलहा स्वाभाविक् अथवा सहज कवि, दोस्रा संसर्गी अर्थात् कृत्रिम कवि । स्वाभाविक कविका बराबर कृत्रिम कवि कदापि हुन सक्दैन सहज कवि का कविता का बराबर संसर्गी कविता कैल्ह्यै पनी हुन्न । सहज कविता मा अर्थ र शब्दको अलङ्कार सरासर देखिनछ जो सहज कवि छ उस्ले कविता गर्दा लेख्न हुने न हुने कुरा को क्यै बिचार राख्दन अर्थात् कसैको तारीफ् गरी लेख्नू पन्यो भने गुण दोष बराबर लेखी दिन्छ उ कसै को पर्वाह मान्दैन यस्तो कविता गरे ज्यान् जाला भन्ने भय कत्ति मनमा मान्दैन । यस्तो स्वभाव संसर्गी कवि का कदापि हुन्न । कविता गर्दा जत्ति को परिश्रम संसर्गी कविलाइ हुनछ उत्तिको सहज कवि लाइ पर्दैन । सहज कवि की कविता लोभ ले हुंदैन, कविका इच्छाले भयो भने भयो भयेन भने भयेन ❀ ।

❀ मैले बनाये को "कविता लक्षण" ग्रंथ मा लेखे को पनि छ—

धन्ले हुंदैन कविता न त हुन्छ मन् ले ।
जान् ले हुंदैन कविता न त हुंछ तन् ले ॥
इन्ले भयाकि कविना कविता समान्हो ।
आफै भया कि कविता बहुतै असल् हो ॥१॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

कवि भानुभक्ताचार्य सहज कवि थिये । आर्का का कर मा कैलह्यै पनी बसेनन् यै कारण ले जागीर ठूलो नाम को इच्छा सम्म राखेनन् । आफ्ना मनोमान सित चित्त प्रसन्न भया का बखत् मा कविता गर्दथे । निज कवि भानुभक्ताचार्य का परम मित्र श्रीयुत सुब्बा धर्मदत्त ज्योतिषी का मुख जवानी मैले सुनेको छू कि कवि भानुभक्त एक दिनमा ६० श्लोक् शार्दूल बिक्रीड़ित छन्द मा बनाउन सक्दथे। रामायण युद्धकाण्ड बनाउँदा १ दिन कवि भानुभक्त ले ६० श्लोक् शार्दूल वृत्त मा बनाये का छन् अर्थात् १४२$\frac{1}{2}$ ग्रन्थ का बराबर कबिता बनाये । निज कबिले कविता गर्नु पर्दा प्रथम आधा घड़ी को अन्दाज बिचार गर्दथे यहां पछि कलम थाम्नु पर्दैनथ्यो । ई कवि का पद्य र गद्य एक नास हुंथे अझ तक् कविता मा प्रत्यक्षै देखिनछ । कवि क भनाइ को छांट कविता मा चौपट्ट असल् देखिनछ । जस्तासुकै पद हुन् कबिले राख्न आंटे भने न राखी छोड़दैन थे । यहां एक् श्लोक् पद क्रम को कवि भानुभक्त ले बनाये को लेख्द छू—

मास् भृङ्गी वेल दूभो बयर र धतुरो तूलसी का अपाङ्का ।
वीही का पात्समीका करविर असउ आंक गुम्पातिका पात् ।
विष्णुक्रान्ता र दारिम सुरतरु लकुरो सिंदुऱ्या का जयन्ती ।
फूल् का गीदेरि का पात् लिनु बटुलि गणेश चौथि का दीन मा साथ् ॥

गणेश चौथी का दिन पूजा गर्दा चाहिने फूल र पात् को नाम माथिका श्लोक् मा लेखिया को छ जुन् हिसाब् ले श्लोक मा लेखे को छ सोही हिसाब् सित तहलाइ फकयिर पूजा गर्नु क्रम विग्रदैन फेरि छूट पनी हुंदैन । कदाचित् यस् श्लोक् को चमत्कार लाई तुच्छच्य मान्नु होला ! तेसो ह्वैन ! एक पल्ट हात मा कलम ली यस्तै तरह का नाम लाई श्लोक मा क्रम् न बिगारी

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

तस्त बेकाम् का शब्द एक् न पारी राख्नु होस् आफै सजिलो र असजिलो थाहा होला । कवि भानुभक्ताचार्य का कविता फुर्ती को बयान् कहां तक् गरू । चोठो, पत्र, स्याह (जो सर्कारी आम्-दनी खर्चा को बही हो) त्यो समेत् सरल् कविता मा सहज् गर्थे । शृंगार रस का कविता ई कविका आजकाल उस्तो पाइदैन तर पनी यस् आधा श्लोक को मात्र रसपान गरी हामी अघाउंछौं । जुन २ अघारी लाई सकल कविता रसिक् हरु ले बांची प्रसन्न हुन् भनी यहाँ लेखी दिंछू ।

बिन्ती एक म गर्दछू सुन प्रिये प्रीती निरन्तर्रहोस् ।
तहां को मन पिंजरा म मुनिआ यै चाल सदा काल् रहोस् ॥

❀ ❀ ❀ ❀ ❀ ❀

❀ ❀ ❀ ❀ ❀ ❀ ॥ १ ॥ ❀

यस् श्लोक का २ अघारि आज् तक् पाइये का छैनन् अतएव पछिल्ला २ अधारी को जग्गा खाली नै राखे को छ । अहा ! आज तक् हाम्रा गोर्खा भाषा मा कम् से कम् शृंगार का ५००० श्लोक् बने का छन् तर यो श्लोक् बराबर अर्थ को चमत्कार भया को श्लोक् मैले त देखे को छैन, अझ यस् श्लोक्

❀ मैले आफ्ना बुद्धि ले सके सम्म यस् श्लोक का अंत्य दुइ अधारी बनाई त्यहां तल लेखी दिन् छू । कदाचित् मैले बनाये का २ अधारी भानुभक्त का अघिल्ला २ पाउ सित राख्दा हीरा सित कांच् जोरे को झैं होला ।

बिन्ती एक म गर्दछू सुन प्रिये प्रीती निरन्तर्रहोस् ।
तहां को मन पिंजरा म मुनिआ यै चाल् सदा काल् रहोस् ॥
आहारा पनि खान्न पानि पनि यो खांदैन कत्ती पनी ।
यस्तो यो सजिलो चरोकन म ता सुम्पन्छु लेऊ भनी ॥१॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

का अधारी समेत् राखी पूरा अर्थ को मर्म निकाल्न सकियो भने के भनू स्वर्ग को आनन्द तहीं हुन जाला ।

भक्ति रस मा त अब उप्रान्त पनि भानुभक्त का बराबर कौनै कवि पनी हुन सक्दैनन् भन्ने मेरा मन मा लाग्छ तर पनी ईश्वर को सृष्टि हो भइ गये भने पनी इनिका बराबर हुनन् इनि भन्दा बढ्ता पक्का कोई पनी हुने छैनन् भनी ठोकी लेखी दिन्छे । रात् दिन् का बोलि चालि का बराबर कविता गर्न सक्ने सामर्थ्य केवल् इनै कविमा अझ तक् देखिया को छ । पछि हुने हरु का बयान् पछिनै हुनन् ।

जस्ता भानुभक्त का सरस कविता छन् उस्तै इन्को नाम पियारो छ । संसार मा जन्म लीकन आफ्नु नाम राखेन भने तेस् पुरुष ले जन्मे को के सार ? आज भानुभक्त स्वर्गवासी भयाको केवल् २२ वर्ष भयो तर कविता को सामर्थ्य हेर्नु होस् भानुभक्त फजाना हुन् न भन्न सक्ने हाम्रा श्री ५ गोर्खा सर्कार का राज्य भर मा सैकड़ा पीछे २।४ हुनन् । साधारण ब्राह्मण का कुल मा जन्म लीकन यसरि आफ्नो नाम प्रख्यात् गर्नू यो सानो पुण्य को फल् होइन । किन नहोस् , तब कविता तब कवि । यस्तो कविता गर्नु पो गर्नू । भला म पनी अब यस ग्रन्थ को बिस्तार ह्यैं गर्छू ।

ग्रन्थ समाप्ति मा म पनी अब कवि भानुभक्त को क्यै गुण गान गर्न भनी श्लोक् लेख्छु भाषानुरागी हरु ले यो समेत् पढ़ी यस् ग्रन्थ मा केही ऊंच नीच भया माफ़ गरी मलाई आफ्नै प्रिय पात्र मोतीराम भट्ट भनी जानुन् ।

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

स्वस्ति श्रीयुत भानुभक्त कवि का जीवन् कथा जो थिया ।
भाषा का अनुरागि जन्हरु सबै जानुन् भनी लेखिया ॥
यस्मा ऊँच र नीच केहि छ भन्या सज्जन् सबै माफ् गरुन् ।
इन्का जीवन को कथा पढ़ि सबै आनन्द सागर्पैरुन् ॥१॥

जाहां जे जति पाइयो उ उति ह्यां गै गै सबै सोद्धेर्‍यां ।
पक्का हाल् कविराज को यसरि भो एक् एक् गरी जोड् दर्‍यां ॥
यस्तै रीत्सित तीन वर्ष विति गो जो जत्ति जम्मा गर्‍यां ।
सो सप्पै अब छापि गर्दछु प्रकाश भन्या इरादा धर्‍यां ॥२॥

आफ्ना सक भर गद्य पद्य मइले मन् ले कथे कै थिया ।
यस्को संग्रह फैलियोस् अब भनी काशी पठाई दिया ॥
धन्यै भन्छु म रामकृष्ण कन ता जस्ले मदत् खुप् दिया ।
भारत् जीवन यंत्र मा यति कथा छापी प्रकाश गर्दिया ॥३॥

यस्मा ई कविराज को यति कथा जीवन् भरी का दिया ।
जाहाँ जो कविता जसोरि कवि का हुंर्‍या उती लेखिया ॥
यस्मा पुग् र न पुग् मलाइ जसले देला म त्यो राखुला ।
फेरी छापुनु पर्‍यो भन्या त खुशि भै बाँकी सबै छापुला ॥४॥

आपनो नाम रहोस् भनेर कविता गर्ना महाँ मन्दिया ।
इन्को नाम र धाम काम र स्वभाव् जस्ता थिया लेखिया ॥
आँखा नाक् मुख बाहु पाउ कविको जो जान्न मन्सुब् भया ।
फोटोग्राफ् तर्‍याई छ यसमा हेर्नू इ यस्तै थिया ॥

॥ इति ॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

यसै अवसर मा आजकाल का च्याँटा २ कवि हरु लाई हित होस भन्ना निमित्त यहाँ क्यै कविता गर्द छू । म कसै का ऊपर पेच् पारी छेड़ छाड़ गरी लेखतिन यो लेखना को मतलब केवल आजकाल का नवीन [अझ सम्म नाम मात्र का] कवि हरु का अपार निस्सार उत्साह का हित का निमित्त हो । मेरा लेखा जस्ता भानुभक्त तस्तै तपाञ्ची हरु अझ तपाञ्ची हरु त भानुभक्त भन्दा पनी विशेष मानिनामा योग्य किन भने कह कहाँ का कवि हरु का ग्रन्थ खोज्नु हुंछ, आफ्ना गाँठ का रूपिञा खर्च गरी बड़ा परिश्रम साथ कैल्हे बम्बै, कैल्हे प्रयाग, कैल्हे काशी मा गै गै कन बराबर गोर्खा भाषा का पुस्तक् छपाई देस् देस मा प्रचार गनु हुंछ । तर यो तपाञ्ची हरु को परिश्रम् व्यर्थ छ व्यर्थ मात्र हैन किन्तु सभ्य समाज मा हास्य को मुख्य कारण हुंछ फेरि अशुद्ध गरी छापी दिँदा झाम्रा गोर्खा भाषा को दुर्दशा पनी हुन गयो । यसो न गर्नु होस् , भला पिङ्गल मूत्र सबै हेर्न आफु लाई सावकाश न भये पनी श्रुतबोध ग्रन्थ का केवल २० श्लोक लक्षण को हेका मन मा राखी छापूता शुद्ध गर्नू पर्ने कागज् (प्रूफ्शीट) हेर्दा सावधान भै हेर्नु भयो भने छन्द को कसर्कत्ति पनि रहने छैन । छापूता खेरि आफ्ना गोर्खा भाषा का महावरा र भनाई का छाँट मा पनी ध्यान अवश्य दिनु होस् । सब् भन्दा अचाक्लि कुरो तपाञ्ची हरु ले छपाया का ग्रंथ मा के छ भने जुन् ग्रन्थ छापनु हुंछ उस् ग्रन्थ का कर्ता को नाम् गोत् सम्म हालनु

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

हुन्न कदाचित् नाम् हालि दिनु भो भने पनी "फलाना का सहायता ले" भनी लेख्नु हुंन्न "फलाना कृत" अथवा "फलाना रचित या विरचित" यस्तो कैल्ह्यै पनि लेखनु हुन्न । "सहायता" र "कृत" शब्द का अर्थ मा कति फरक् छ आफै कोप हेरी विचार गर्नु होस् । ग्रन्थ मा सहायता पट् मूर्ख ले पनी दिन सक्छ । तपाञ्ची हरु लाई ग्रन्थकार को नाम मालूम छैन भने सो माफिक् को सूचना साथ ग्रन्थ छाप्नु पर्छ । सर्व साधारण मा यसरी ग्रन्थ छापी प्रचार गर्दा ग्रन्थकार का नाम को सन्देह पर्न जान्छ । कवि ले कविता गरी आपना २ स्थान मा जान्छन् मेरो नाम रहला भनी बड़ा परिश्रम साथ ग्रन्थ लेख्छन् । यसरी नाम् चट पारी न सुहाउने कलगी तपाञ्ची हरु ले लाउ नू केवल् आपनो हास्य गराउनू र कवि का आत्मा लाई कल्पाउनू हो । तपाञ्ची हरु को सच्चा हितैषी भैकन यो सूचना दिये को छू अब उप्रान्त सावधान भै ग्रन्थ छापी दिनू भयो भने मेरो परिश्रम पनी सुफल होला । ग्रन्थ को उद्धार भन्नू पनी निस्सन्देह होला । न्याय दृष्टि ले ई मेरा कुरा हेरी उचित कर्तव्य गर्नु भयो भने बहुतै असल् हुने छ कदाचित् पक्ष दृष्टि ले नजर गरी खण्डन मण्डन तिर दगुर्नु भयो भने मेरो क्यै जोर छैन अब जे गर्नु पर्छ सो गर्नु होस् ॥

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

CC-0. Agamnigam Digital Preservation Foundation, Chandigarh.

प्रकाशक : नेपाली साहित्य सम्मेलन, दार्जीलिङ ।
मुद्रक : गंगा-जमुना प्रेस, दार्जीलिङ ।
: १००० थान १९६४
मूल्य : १ रू० भा० रू०